# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

### गभर्नर डा. चिरंजीबि नेपालद्वारा प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रम उद्घाटन

गभर्नर डा. चिरंजीबि नेपालले मिति २०७५ जेठ १८ गते कोहलपुर, बाँकेमा राष्ट्रिय न्यायिक प्रतिष्ठान र नेपाल राष्ट्र बैंकद्वारा संयुक्त रूपमा आयोजित **"बैंकिङ्ग तथा आर्थिक अपराध सम्बन्धी मुद्दाको कारवाही"** विषयक दुई दिने प्रशिक्षण तथा अन्तरक्रिया कार्यक्रमको उद्घाटन गर्नु भयो ।




कार्यक्रममा गभर्नर डा. नेपालले आर्थिक तथा वित्तीय स्थायित्वको लागि आर्थिक अनुशासन तथा स्वनियमन अत्यन्त महत्वपूर्ण रहेको कुरा बताउनु भयो । नेपाल राष्ट्र बैंकबाट जारी हुने नीति, निर्देशनको पूर्ण पालना नभएमा बैंक तथा वित्तीय संस्थामा अनुशासनहीनता उत्पन्न हुने कुरा बताउनु भयो । मुलुकको आर्थिक सम्वृद्धिका लागि सरोकारवालाहरूले आफूलाई तोकिएको जिम्मेवारी सोही अनुरूप पूरा गर्नु पर्ने, सरकारी वा निजी क्षेत्रबाट स्थापित बैंक तथा वित्तीय संस्थाहरू र सोमा आवद्ध व्यक्तिहरूले प्रचलित कानून एवम् नियमनकारी निकायबाट जारी भएका नियमनहरूको पालना गर्दै आफ्नो व्यावसायिक क्रियाकलाप गर्नु पर्ने धारणा राख्नु भयो ।

गभर्नर डा. नेपालले हाल प्रविधिको क्षेत्रमा भएको द्रुततर विकाससँगै वित्तीय अपराधहरू दिनानु दिन बढ्दै गएको र यसले मुलुकको बैंकिङ्ग प्रणालीमा जोखिम समेत बढेको कुरा बताउनु भयो । न्याय निरूपणको सिलसिलामा अदालतले बैंकिङ्ग क्षेत्रका विवादहरूलाई यस क्षेत्रको संवेदनशीलताका आधारमा छिटो र अझ प्रभावकारी तरिकाले समाधान गर्नु आजको आवश्यकता रहेको कुरा बताउनु भयो ।

बैंकिङ्ग क्षेत्रमा प्रयोग हुने विभिन्न अवधारणा, यस सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय अभ्यास समेतको बारेमा माननीय न्यायाधीशज्यूहरूका लागि राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट आयोजना गर्ने यस्ता कार्यक्रमले बैंकिङ्ग क्षेत्रको ज्ञान विस्तार हुन गई मुलुकमा सक्षम, प्रभावकारी र पारदर्शी वित्तीय प्रणालीको स्थापना गर्न सहयोग पुग्ने विश्वास गर्नु भयो ।

कार्यक्रममा उच्च अदालतका माननीय न्यायाधीश श्री प्रभाव बस्नेत, उच्च अदालत तुलसीपुरका माननीय न्यायाधीश श्री विष्णुदेव पौडेल, जिल्ला अदालतका माननीय न्यायाधीशहरू लगायत रजिष्ट्रारहरू, सरकारी वकिलहरू र जिल्ला अदालतका पदाधिकारी तथा अधिकृतहरूको उपस्थिति रहेको थियो ।

२०७५ जेठ २०, आइतबार

गभर्नरको कार्यालय